# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इनरुवा, सुनसरी
## १ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८

च.नं. मिति:२०७७।८।२२

### उद्यम विकास सहजकर्ता करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/०८/२२)

यस नगरपालिकामा आ.व. २०७७/७८ मा गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम संचालनको लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम आवश्यक उद्यम विकास विकास सहजकर्ताहरु करारमा पदपुर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पुर्ण कागजात संलग्न गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २१/२०७७/७८ | वरिष्ठ उद्यम विकास सहजकर्ता | सहायक पाँचौ | १ | रु.५००।- | पाँचौ तहको लागि कुनै निवेदन पेश हुन नआएमा दुवैजना चौथो तहको सहजकर्ताको राख्न सकिने छ। |
| २ | २२/२०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | १ | रु.४००।- | |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभव:

(क) **वरिष्ठ उद्यम विकास सहजकर्ता पदको लागि:** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ३ उत्तीर्ण गरेको।

(ख) **उद्यम विकास सहजकर्ता पदको लागि:** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको।

(ग) कम्तीमा तीन महिने आधारभूत कम्प्यूटर सीप तालिम लिएको,

(घ) सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएकालाई प्राथमिकता दिईनेछ।

२. उमेर :- कम्तीमा १८ वर्ष पुरा भएको नेपाली नागरिक

३. दरखास्त दिने स्थान :- इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यलय, इनरुवा, सुनसरी ।

४. दरखास्त दिने अन्तिम मिति: २०७७/०८/२८ गते कार्यालय समय भित्र ।

**५.छनौटको किसिम: प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र अन्तरवार्ता। परिक्षाको मिति प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन गर्दा तोकिनेछ।**

६. आवेदन साथ संलग्न कागजातहरू: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरको प्रतिलिपि,

- अ) नेपाली नागरिकता
- आ) न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र
- इ) चारित्रिक प्रमाण पत्र अनुभव खुल्ने कागजात
- ई) पासपोर्ट साईजको फोटो ३ प्रति
- उ) बायोडाटा

७. सेवा सुविधा: नियमानुसार

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण: गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम हुनेछ।

.................................

प्रमुख प्रशासकीय अधिकृत